# सूचनाको हक  सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को ३ बमोजिम सार्वजनिक गरिएको विवरण



## २०८० माघ देखि चैत्र मसान्तसम्म सम्पादित प्रमुख प्रमुख क्रियाकलापहरु

कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कर्णाली प्रदेश, सुर्खेत

## सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावलीको, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत ।

**सूचना सार्वजनिक गरेको अवधिः** २०८० माघ देखि २०८० चैत्रमसान्त सम्म

### १. कार्यालयको स्वरुप र प्रकृति

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश मन्त्रिपरिषद, प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन, सञ्चार, भ्रष्टाचार नियन्त्रण र संघ र स्थानीय तहसंगको सम्पर्क र समन्वय। कर्णाली प्रदेश, प्रदेश सरकार कार्यविभाजन नियमावली,२०७४मा उल्लेख भए बमोजिम यस कार्यालयको कार्य जिम्मेवारीहरू अन्तर्गत पर्ने कार्यहरू सम्पादन गर्न यस कार्यालयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४ मिति २०७५।०४।०९ को पत्रसाथ प्राप्त पछिल्लो संगठन संरचनाले देहायको सङ्गठन संरचनाको व्यवस्था गरेको छ।

**क) दुरदृष्टी**

नेपालको संविधान तथा कानूनद्धारा प्रत्याभूत अधिकार र दायित्व पालना गरी जवाफदेही, पारदर्शी, सहभागितामूलक एवं जनमुखी सेवा प्रवाह मार्फत सुशासन कायम गर्ने।

**ख) उद्देश्य**

प्रदेशको सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, परिणाममुखी, जवाफदेही र जनउत्तरदायी बनाइ प्रदेशको विकास र समृद्धि हासिल गर्ने।प्रदेशमा भरपर्दो, विश्वसनीय, मजबुत सुरक्षा प्रबन्ध मिलाइ शासकीय सबलीकरण गर्ने।

**ग) रणनीतिः**


अन्तर तह, अन्तर निकायको सहकार्य र समन्वयमा प्रदेश सुरक्षा, विकास तथा सुशासनको प्रत्याभूत गर्ने।प्रदेश मातहतका मन्त्रालय तथा कार्यालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण गर्ने।मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने। निर्वाचन कार्यमा सहयोग र समन्वय गर्ने। प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वय गर्ने। प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

### २. कार्यक्षेत्रः

यस कार्यालयले सम्पादन गर्नेपर्ने कार्यहरु देहायनुसार रहेका छन्

- प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी कार्य गर्ने।
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने।
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन गर्ने।
- प्रदेश सरकरो नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने।
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण गर्ने।
- प्रदेश मन्त्रिपरिषद निर्णयको कार्यान्वयन र अनुगमन गर्ने।
- प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने।
- प्रदेश भित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक, जानकारी र सम्बोधन गर्ने।
- मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने।
- सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार गर्ने।
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय गर्ने।
- संघीय सरकारको स्वीकृति बमोजिम द्धिपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन गर्ने।
- प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन बनाउने।
- अन्तर प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तसम्बन्ध प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कनूनको तर्जुमा र कार्यान्वयन गर्ने।
- निर्वाचन कार्यमा सहयोग र समन्वय गर्न।
- प्रदेशस्तरमा मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने।
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन गर्ने।
- प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गर्ने।
- प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरको तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय गर्ने।
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्रही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने।

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठनक संरचना




### ४.निकायमा रहने शाखा र प्रदान गरिने सेवाः

| क्र स | कार्यजिम्मेवारीहरू | जिम्मेवार महाशाखा |
|---|---|---|
| १ | प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी | प्रशासन तथा बैठक महाशाखा |
| २ | प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन | प्रशासन तथा बैठक महाशाखा |

| | | |
|---|---|---|
| ३ | प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन | प्रशासन तथा बैठक महाशाखा |
| ४ | प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन | प्रशासन तथा बैठक महाशाखा |
| ५ | प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ६ | प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कन र नियन्त्रण | प्रशासन तथा बैठक महाशाखा |
| ७ | प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन | प्रशासन तथा बैठक महाशाखा |
| ८ | प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ९ | प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुकोअद्यावधिक जानकारी र सम्बोधन | प्रशासन तथा बैठक महाशाखा |
| १० | मानवअधिकारको संरक्षण र प्रवर्द्धन | कानून तथा संवैधानिक मामिला महाशाखा |
| ११ | सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १२ | संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य संघीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय | कानून तथा संवैधानिक मामिला महाशाखा |
| १३ | संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वासहमति कार्यान्वयन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १४ | प्रदेशप्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन | प्रशासन तथा बैठक महाशाखा |
| १५ | अन्तरप्रदेश परिषद र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध | शासकीय सुधार तथा समन्वय महाशाखा |
| १६ | प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन | प्रशासन तथा बैठक महाशाखा |
| १७ | निर्वाचन कार्यमा सहयोग र समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |

| | | |
|---|---|---|
| १८ | प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वियन | प्रशासन तथा बैठक महाशाखा |
| १९ | प्रदेशनिजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथामापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन | शासकिय सुधार तथा समन्वय महाशाखा |
| २० | प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २१ | प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २२ | प्रदेशस्तरमासार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टिसर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन | शासकीय सुधार तथा समन्वय महाशाखा |
| २३ | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा | कानून तथा संवैधानिक मामिला महाशाखा |

## ५. निकायबाट सम्पादन हुने कार्यहरु

- प्रदेश सरकार सञ्चालनका लागि आवश्यक ऐन, नियम, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्ने गराउने।
- संवैधानिक व्यवस्थाअनुसार नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने।
- प्रदेश सरकार र मातहत निकायबाट कार्यजिम्मेवारी अनुसारका नीति, कार्यक्रम तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनको व्यवस्था मिलाउने।
- प्रदेश सरकार र मातहत निकायबाट सम्पादित कार्यहरुको अनुगमन, मुल्याङ्कन तथा निर्देशन गर्ने।
- प्रदेश सरकारका संगठन तथा जनशक्ति व्यवस्थापन गर्ने।
- संविधान तथा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार कार्यालयको कार्यजिम्मेवारीका कार्यहरु गर्ने।

## ६. निकायमा रहने कर्मचारीहरुको संख्या र कार्य विववरण

| क्र.सं | कर्मचरीको नाम थर | पद | कार्यरत शाखा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री चुडामणि पौडेल | प्रमुख सचिव | | ९८५८००४४४४ |
| २ | श्री आनन्द सारु | सचिव | शासकिय सुधार तथा समन्वय महाशाखा | ९८५१२२९३०१ |
| ३ | श्री विष्णुप्रसाद कोइराला | प्रदेश सचिव | प्रशासन तथा बैठक महाशाखा | ९८५१११८३०५ |
| ३ | श्री शंकर के.सी. | सचिव कानून | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८५११९९६३६ |
| ४ | श्री नेत्र बहादुर कार्की | अधिकृत नवौं | माननीय मुख्यमन्त्रीज्यूको सचिवालय | ९८४९२१३३८९ |
| ५ | श्री बीरेन्द्र बहादुर के सी | उप सचिव | कानून तथा संबैधानिक मामिला महाशाखा | ९८४३०१७४१३ |
| ६ | श्री कृष्णप्रसाद खरेल | उप सचिव | शासकीय सुधार शाखा | ९८५८०४४५६८ |
| ७ | श्री देवीलाल सापकोटा | शाखा अधिकृत | मानब अधिकार प्रवद्धन शाखा | ९८५१२३३०७७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | श्री युवराज न्यौपाने | शाखा अधिकृत | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४७०६८९१३ |
| ९ | श्री राम बहादुर सारु | अधिकृतस्तर सातौ | शासकीय सुधार शाखा | ९८४८०४८२२३ |
| १० | श्री गिता बरै मगर | शाखा अधिकृत | बैठक शाखा | ९८४८०४१५९६ |
| ११ | श्री सर्वदल शाही | शाखा अधिकृत | प्रशासन शाखा | ९८४८०५०३४० |
| १२ | श्री सरस्वती सापकोटा | शाखा अधिकृत | अभिलेख शाखा | ९८४९६३१९०९ |
| १३ | श्री कल्पना खत्री | शाखा अधिकृत | अभिलेख शाखा | ९८४८२३२६७१ |
| १५ | श्री भिमा कंडेल | शाखा अधिकृत | सूचन संचार तथा समन्वय शाखा | ९८४८१९०३६० |
| १६ | श्री पार्वती वली | अधिकृतस्तर छैठौं | प्रशासन तथा मानव संशाधन विकास | ९८४८००३१६८ |
| १७ | श्री नवराज शर्मा | प्रशासकीय अधिकृत | माननीय मुख्यमन्त्रीज्यूकोनिजी सचिवालय | ९८४८०६१६९२ |
| १८ | श्री अर्जुन पौडेल | प्रशासकीय अधिकृत | प्रमुख सचिवज्यूको सचिवालय | ९८४८०५१६१२ |
| १९ | श्री ज्योती शाही | कम्प्युटर अधिकृत छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८१७९२१८ |
| २० | श्री भुवन कंडेल | कम्प्युटर अधिकृत छैटौं | सूचना संचार तथा समन्वय शाखा | ९८४८०७५८३४ |
| २१ | श्री रत्ना पौडेल | अधिकृतस्तर छैठौं | सूचना संचार तथा समन्वय शाखा | ९८६८६४४६०१ |
| २२ | श्री चक्र बहादुर थापा | नायब सुब्बा | अभिलेख शाखा | ९८५८०५००१८ |
| २३ | श्री संदिप शर्मा | कम्प्युटर अधिकृत छैटौं | बैठक शाखा | ९८४८१४०६७५ |
| २४ | श्री चन्द्र बहादुर मन्दिर | कम्प्यूटर सहायक पाँचौं | माननीय मुख्यमन्त्रीज्यूकनिजी सचिवालय | ९८४८२३०३१२ |
| २३ | श्री दिपक शर्मा | प्रशासकीय अधिकृत | बैठक शाखा | ९८६६७०८७०८ |
| २४ | श्री दलबहादुर बुढा | प्रशासकीय अधिकृत | जिन्शी शाखा | ९८४८०६८९३७ |
| २५ | श्री नविन ढकाल | प्रशासकीय अधिकृत | योजना अनुगमन तथा आर्थिक पूर्वाधारशाखा | ९८४८०८८८९७ |
| २६ | श्री निरञ्जना रेग्मी | सहायकस्तर पाँचौ | प्रशासन शाखा | ९८४८१५७१९५ |
| २७ | श्री कालिप्रसाद पौडेल | प्रशासकीय अधिकृत | शासकीय सुधार शाखा | ९८४८०४७५४४ |
| २८ | श्री दुर्गा बराल मगर | कम्प्युटर सहायक पाँचौ | अभिलेख शाखा | ९८४४८६३१७३ |
| २९ | श्री शोभा वास्कोटा | प्रशासकीय अधिकृत | प्रशासन शाखा | ९८६८१०९३८५ |
| ३० | श्री प्रदिप बस्नेत | प्रशासकीय अधिकृत | प्रशासन शाखा | ९८४४८०५१४४ |
| ३१ | श्री दिपेन्द्र कुमारसिंह | लेखा सहायक | आर्थिक प्रशासन शाखा | ९८६८०३१७६८ |
| ३८ | श्री ढुण्डीराज खरेल | हलुका सवारी चालक | ह.स.चा | ९८६६५३८८८८ |
| ३९ | श्री तिलक प्रसाद ज्ञवाली | हलुका सवारी चालक | ह.स.चा | ९८४८१५६५२४ |
| ४० | श्री सागर भट्टराई | हलुका सवारी चालक | ह.स.चा | ९८४८२८१२०४ |
| ४२ | श्री टेक वहादुर थापा | हलुका सवारी चालक | ह.स.चा | ९८६८१०२४५० |
| ४३ | श्री खेम बहादुर सिंह ठकुरी | हलुका सवारी चालक | ह.स.चा. | ९८४८१७४५८६ |
| ४४ | श्री सोनम चौधरी | कार्यालय सहयोगी | का.स. | ९८४८१६९९६६ |
| ४५ | श्री मोहन सिंह खड्का | कार्यालय सहयोगी | का.स. | ९८४८२३२११९ |
| ४६ | श्री दुर्गा प्रसाद रताला | कार्यालय सहयोगी | का.स. | ९८४४८९१६३६ |
| ४७ | श्री कौशिला थापा | कार्यालय सहयोगी | का.स. | ९८४८०८५५५७ |
| ४८ | श्री सीता सार्की | कार्यालय सहयोगी | का.स. | ९८४८०७९०९२ |
| ४९ | श्री हरिलाल गौतम | कार्यालय सहयोगी | का.स. | ९८४८०३७५९४ |
| ५० | श्री गौरी रावत | कार्यालय सहयोगी | का.स. | ९८२२४६२११० |
| ५१ | श्री पार्वती खड्का | कार्यालय सहयोगी | का.स. | |
| ५२ | श्री विरिन्दा धमला | कार्यालय सहयोगी | का.स. | ९८६८७६८२७६ |

**७. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधिः**

यस कार्यालयबाट प्रवाह गरिने सबै सेवा निःशुल्क रुपमा प्रवाह गरिने।

**८. निकाय प्रमुख र सूचना अधिकारी नाम र पद**

**प्रमुखः** प्रमुख सचिव श्री चुडामणि पौडेल

**सूचना अधिकारीः** उपसचिव श्री कृष्णप्रसाद खरेल

**९. सम्पादन गरेको कामको विवरण**

- प्रदेश सरकारका तर्फबाट राष्ट्रिय विकास समस्या समाधन समितिमा निर्णय हुन आवश्यक विषयहरु तयार गरेको।
- कर्णाली समृद्धि परियोजना सम्बन्धी विधेयकको मस्यौदा तयार गरिएको।
- नीति तथा कार्यक्रमको मस्यौदा तयारी गरिएको।
- कर्णाली प्रदेश सरकारको एक वर्षे कार्यकालको प्रगित विवरण तयार गरिएको।
- संघीय समपूरक तथा विशेष अनुदान/बजेट योजना आयोगबाट माग गरियो।
- महिला आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० र दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० मन्त्रिपरिषदबाट स्वीकृत,
- कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० प्रदेश सभाबाट पास भई कार्यान्वय भएको।
- कर्णाली प्रदेश स्वास्थ्य सेवा नियमावली, २०८०, कर्णाली प्रदेश सहकारी नियमावली, २०८०, कर्णाली प्रदेश वन नियमावली, २०८० र कर्णाली प्रदेश पर्यटन नियमावली, २०८० मन्त्रिपरिषदबाट स्वीकृत भएको।
- विभिन्न विषयमा परेका उजुरीका सम्बन्धमा राय दिइएको।
- माघबाट चैत्रसम्म कार्यालयबाट सरुवा सहमती-६ जना, अवकाश तथा राजीनामा- ३ जना, अध्ययन पूर्व स्वीकृती -१२ जना, वैदेशिक भ्रमण सिफारिस ५ जना विभिन्न मन्त्रालय/कार्यालयमा कार्यरत कर्मचारीहरुलाई, कर्णाली प्रदेश अन्तर्गत विभिन्न मन्त्रालय/निर्देशनालय/कार्यालयहरुमा सरुवा- १५ जना
- कर्णाली प्रदेश लोकसेवा आयोगबाट प्रदेश/स्थानीय तहका लागि सिफारिस भई आएका नयाँ कर्मचारीहरुको सिटरोल फाराम दर्ता गर्ने कार्य भइरहेको। जसमा माघ १ देखि चैत्रमसान्तसम्म स्थानीय तहमा ३१ जना लाई अस्थायी र प्रदेश तहमा १५ जना नवनियुक्त कर्मचारीहरुलाई स्थायी सिटरोल नम्बर प्रदान गरिएको।
- नयाँ नियुक्ति भएका कर्मचारीहरुको Online Entry गरी यस कार्यालयमा २० थान सम्पत्ति विवरण खामबन्दी रहेको।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद्मा पेश भएका निर्णयहरु

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल माघ ३ गते बिहीबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | आर्थिक मामिला तथा योजना मन्त्रालय | विषयगत मन्त्रालयबाट तर्जुमा गरिएको वार्षिक विकास कार्यक्रम पुस्तिकाको अनुसूचीमा उल्लिखित आयोजनाहरू कर्णाली प्रदेश विनियोजन ऐन, २०८० र प्रचलित कानून बमोजिम सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्ने गराउने। |
| २. | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश व्यापार(व्यवसाय (दर्ता तथा सञ्चालन) नियमावली, २०८० को (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने। |
| ३. | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | प्रदेश श्रम सल्लाहकार परिषद् गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल माघ १० गते बुधबारको बैठकबाट भएका निर्णयहरु

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० स्वीकृत गर्ने।</td></tr>
<tr><td>२.</td><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>कर्णाली प्रदेश नमूना कार्यालय छनौट मापदण्ड, २०८० को दफा ६ बमोजिम तपसिलका प्रत्येक जिल्लाबाट एक नमुना कार्यालय र प्रदेश मन्त्रालय/निकाय मध्येबाट एक नमुना कार्यालय र सबै कार्यालयमध्येबाट एक सर्वोत्कृष्ट नमुना कार्यालय कार्यालय छनौट गर्ने।<br><u>तपसिलः</u>
<table>
<tr><th>क्र.स</th><th>मन्त्रालय/निकाय/कार्यालयको नाम</th><th>जिल्ला</th><th>प्राप्त अंक</th></tr>
<tr><td colspan="4">प्रदेश मन्त्रालय र प्रदेशस्तरका कार्यालय बाट नमुना कार्यालय</td></tr>
<tr><td>१</td><td>प्रदेश लोक सेवा आयोग</td><td>कर्णाली प्रदेश, सुर्खेत</td><td></td></tr>
<tr><td colspan="4">जिल्लास्थित नमुना कार्यालय</td></tr>
<tr><td>२</td><td>डिभिजन वन कार्यालय,</td><td>हुम्ला</td><td>११९.५</td></tr>
<tr><td>३</td><td>स्वास्थ्य सेवा कार्यालय</td><td>सल्यान</td><td>१५६</td></tr>
<tr><td>४</td><td>प्रदेश लेखा इकाइ कार्यालय</td><td>दैलेख</td><td>१६९.२</td></tr>
<tr><td>५</td><td>उद्योग तथा उपभोक्ता हित संरक्षण</td><td>जाजरकोट</td><td>१४३.८</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्ताव पेश गर्ने मन्त्रालय</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td>कार्यालय</td><td></td><td></td></tr>
<tr><td>६</td><td>पशु अस्पताल तथा पशु सेवा कार्यालय</td><td>मुगु</td><td>१७५</td></tr>
<tr><td>७</td><td>डिभिजन वन कार्यालय</td><td>कालिकोट</td><td>१६९</td></tr>
<tr><td>८</td><td>स्वास्थ्य सेवा कार्यालय</td><td>डोल्पा</td><td>१४६.७६</td></tr>
<tr><td>९</td><td>भू तथा जलाधार व्यवस्थापन कार्यालय</td><td>जुम्ला</td><td>१७४</td></tr>
<tr><td>१०</td><td>पशु अस्पताल तथा पशु सेवा कार्यालय</td><td>रुकूम पश्चिम</td><td>१६६.५</td></tr>
<tr><td>११</td><td>उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय</td><td>सुर्खेत</td><td>१७०</td></tr>
<tr><td colspan="4">सर्वोत्कृष्ट नमुना कार्यालय</td></tr>
<tr><td>१२</td><td>पशु अस्पताल तथा पशु सेवा कार्यालय</td><td>मुगु</td><td>१७५</td></tr>
</table>
</td></tr>
<tr><td>३.</td><td>भूमी व्यवस्था, कृषी तथा सहकारी मन्त्रालय</td><td>कर्णाली कृषी व्यवसाय प्रवर्द्धन नियमावली, २०८० स्वीकृत गर्ने</td></tr>
</table>

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल माघ १७ गते बुधबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | कर्णाली प्रदेश सरकारका माननीय भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीज्यू र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आर्थिक सल्लाहकार (विज्ञ) डा. सालिकराम पोखरेलको वैदेशिक भ्रमण स्वीकृत गर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल माघ २८ गते आइतबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | "संलग्न अनुसूचि बमोजिमका आयोजना/कार्यक्रमका लागि संघीय समपूरक तथा विशेष अनुदान/बजेट माग/प्रस्ताव गर्ने" |

<table>
<tr><td>२</td><td>आर्थिक मामिला तथा योजना मन्त्रालय</td><td>क) सम्वत् २०८१ वैशाख १९ र २० गते कर्णाली लगानी तथा विकास सम्मेलन आयोजना गर्ने।<br>(ख) संलग्न अनुसूची बमोजिम माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा कर्णाली लगानी तथा विकास सम्मेलन, २०८१ निर्देशक समिति गठन गर्ने र जिम्मेवारी प्रदान गर्ने।</td></tr>
<tr><td>३</td><td>भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय</td><td>"कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने।</td></tr>
<tr><td>४</td><td>सामाजिक विकास मन्त्रालय</td><td>कर्णाली प्रदेशमा सञ्चालन हुने राष्ट्रिय प्रतियोगितात्मक खेलकुद कार्यक्रममा सहभागी हुने खेलाडी, प्रशिक्षक, निर्णायक र व्यवस्थापकलाई तपसिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउन कर्णाली प्रदेश खेलकुद परिषद्लाई स्वीकृति दिने।<br><u>तपसिल</u><br>(क) खेलाडी तथा अफिसियलहरूको दैनिक भ्रमण खर्च
<table>
<tr><td>क सं</td><td>विवरण</td><td>रकम रू</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>जिल्ला स्तरीय खेलकुद प्रतियोगिता एवं प्रशिक्षणको लागि खाना खाजा र बास खर्चको लागि प्रति सहभागी दैनिक भ्रमण भत्ता</td><td>१२००।</td><td></td></tr>
<tr><td>२</td><td>प्रदेश स्तरीय खेलकुद प्रतियोगिता एवं प्रशिक्षणको लागि खाना खाजा र बास खर्चको लागि प्रति सहभागी दैनिक भ्रमण भत्ता</td><td>१६००।</td><td></td></tr>
<tr><td>३</td><td>अन्तर प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता एवं प्रशिक्षणको लागि खाना खाजा र बास खर्चको लागि प्रति सहभागी दैनिक भ्रमण भत्ता</td><td>२०००।</td><td></td></tr>
</table>
(ख) माथी सि. नं. १ मा उल्लिखित दैनिक भ्रमण भत्ताको अतिरिक्त खेलमा सहभागी हुन आउने जाने सहभागीहरूको लागि जिल्लाको सदरमुकाम र सदरमुकाममा सडक नपुगेको हकमा सडक पुगेको स्थान देखि कार्यक्रमस्थलसम्मको प्रचलित</td></tr>
</table>

| | | |
|---|---|---|
| | | सार्वजनिक सडक यातायात भाँडादर वापतको यातायात खर्च।<br>**(ग)** अन्य सेवा सुविधाको विषयको हकमा कानून बनाइ लागु गर्नुपर्ने। |

**कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल फागुन ६ गते आइतबारको बैठकबाट भएका निर्णयहरु**

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न भई नयाँ संरचना कायम नहुदाँसम्म साविक बमोजिम नै निर्देशनालय/कार्यालयहरुले कार्य गर्ने/गराउने। |
| २ | आर्थिक मामिला तथा योजना मन्त्रालय | प्रदेश लेखा नियन्त्रक कार्यालयमा कार्यरत प्रमुख लेखा अधिकृत (आठौं तह) श्री दिपेन्द्र मगराती (कर्मचारी सङ्केत नम्बर २००१८२) लाई कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २३ बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयको कायम मुकायम प्रदेश लेखा नियन्त्रकको जिम्मेवारी प्रदान गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल फागुन १८ गते शुक्रबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको तेस्रो अधिवेशन मिति २०८०/११/३० गते बुधबार दिनको ३:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८० साल चैत्र ७ गते बुधबारको बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश योजना आयोगबाट पेश हुन आएको सूचना प्रविधिमा आधारित बालमैत्री शिक्षण सिकाइ क्षेत्र (ICT and Quality of SMEs Education in Karnali) र Feasibility Study for Local Indigenous Agro Forest Farming (LIAFFs) in the Community Forest based on Agro Forestry Principle प्रस्ताव प्रतिवेदन बमोजिम वैदेशिक अनुदान सहायता प्राप्त गर्न नेपालको संविधानको अनुसूची-६ को क्र.सं. (२) अनुसार सहमतिका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने गर्ने |
| २. | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | खानेपानी, सिंचाइ खानेपानी सिचाई तथा उर्जा विकास निर्देशनालयको परिसरमा रहेको जीर्ण भवन भत्काएर उक्त स्थानमा नयाँ भवन बनाउने तथा नयाँ भवन बनाँउन प्रयोग भई बाँकी रहेको भत्काएको भवनको सामाग्री लिलाम बिक्री गर्ने प्रयोजनका लागि स्वीकृति प्रदान गर्ने। |
| ३. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | कर्णाली प्रदेश सह-लगानीमा आधारित पूर्वाधार विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गर्ने |
| ४. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | संकटग्रस्त बस्ती व्यवस्थापन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गर्ने |
| ५. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | हुड्के ब्युरेनी माझघाट चेपाङ जामु सडक आयोजनालाई प्रादेशिक प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्ने। |
| ६. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | हुड्के ब्युरेनी माझघाट चेपाङ जामु सडक आयोजना कार्यान्वयनको लागि आवश्यक ४.९ हेक्टर वन क्षेत्रको प्रयोग तथा जग्गा भोगाधिकार प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ७. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाढा सडक निर्माण पञ्चपुरी आयोजनालाई प्रादेशिक प्राथमिकता प्राप्त आयोजनामा समावेश गर्ने। |

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| ८. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाढा सडक निर्माण पञ्चपुरी आयोजना सञ्चालनको लागि आवश्यक ९.३६ हेक्टर वन क्षेत्रको प्रयोग तथा जग्गा भोगाधिकार प्राप्त गर्न नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ९. | भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय | आयोजना समावेश तथा सिर्जित दायित्व रकम भुक्तानी सम्बन्धमा देहाय बमोजिम गर्ने।<br>(क) भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गतका कार्यालयबाट विगतका आर्थिक वर्षमा ठेक्का व्यवस्थापन भएका तर चालु आर्थिक वर्षको वार्षिक विकास कार्यक्रममा समावेश नभएका क्रमागत आयोजनालाई चालु आर्थिक वर्षको आयोजनाको रूपमा समावेश गर्ने,<br>(ख)खण्ड(क) बमोजिमका आयोजनाहरुमा तथा सिगास (Cgas) प्रणाली नचलेका कारण भुक्तानी हुन नसकेका आयोजनामा सिर्जित दायित्व भुक्तानीका लागि अपुग रकम रु.८,६४,५५,८५८।०६ भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत विनियोजित बजेटबाट व्यवस्थापन गरी भुक्तानी गर्ने। |
| १०. | सामाजिक विकास मन्त्रालय | बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृति गर्ने। |

**नियमावली/निर्देशिका/ऐन/कार्यविधि/मापदण्डहरुको सूचीः**

## आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

**चालुतर्फको जम्मा** **बजेटः** १७,६९,९६,४८४।०० **खर्चः** ८,२४,७६,८५२।५९
**बाँकीः** ९,२०,४८,६१३।४१

**पुँजिगततर्फको जम्मा** **बजेटः** ७९,७४,०००।०० **खर्चः** ६३,४२,४१८।००
**बाँकीः** १६,३१,५८२।००